## अध्याय तीन

# रेडियो नेपालको संस्थागत विकासक्रम

**कृष्ण अधिकारी**

रेडियो नेपालको आधिकारिक जन्ममिति २० चैत २००७ देखि हिसाब गर्दा चैत २०६० सालसम्म यसले ५३ वर्ष पूरा गरी ५४ वर्षमा पाइला टेकिसकेको छ ।[१] आधा शताब्दीभन्दा बढीको यात्रामा रेडियो नेपालको प्रसारण अधिराज्यव्यापी भएको छ । र, अधिराज्यभर पुग्ने एकमात्र प्रसारण संस्थाको रूपमा यो रहेको छ । रेडियो नेपालकै तथ्याङ्कअनुसार पनि नेपाल अधिराज्यको करिब ६० प्रतिशत भू-भागका ८० प्रतिशत जनताबीच रेडियो नेपाल पुग्दछ । रेडियोका तरङ्ग जहाँ

---

[१] रेडियो नेपालको औपचारिक स्थापना २० चैत २००७ बाट 'प्रजातन्त्र नेपाल रेडियो' का नाममा भएको थियो । जुन एक किसिमले २००७ सालको क्रान्तिकालमा तारिणीप्रसाद कोइरालाको नेतृत्वमा विराटनगरमा सञ्चालन भएको रेडियो प्रसारणको निरन्तरता थियो । पछि नाम परिवर्तन भई 'नेपाल रेडियो' हुँदै रेडियो नेपाल भयो (श्रेष्ठ २०५६खः ३-५) । क्रान्तिकालको रेडियो र त्यसअघि नेपालमा भएका रेडियो प्रसारणका प्रयासहरूबारे अध्याय १ र २ हेर्नुहोस् ।

पुग्दछन् त्यहाँसम्म रेडियोले प्रसारण गर्ने गीत, सङ्गीत र समाचार पनि पुग्दछन् । भन्नुको अर्थ काठमाडौं उपत्यका बाहिरको संसारलाई सबैभन्दा चाँडै सूचित गराउने माध्यमका रूपमा रेडियो नेपाल रहँदै आएको थियो र अझै छ । किनभने अधिराज्यभर जम्मा ४० प्रतिशत जनताले विद्युतको उपयोग गर्छन् । यस अर्थमा टेलिभिजनको दायरा ४० प्रतिशतमै सीमित छ, जबकि रेडियो नेपालको करिब दोब्बर ।

यसरी नेपाली सञ्चारको क्षेत्रमा निकै प्रभावकारी रहेको रेडियो नेपालको प्रसारण आरम्भ कसरी भयो ? संस्थागत संरचना कस्तो थियो र छ ? रेडियो प्रसारण गर्ने जनशक्ति कसरी जुट्यो ? प्राविधिक क्षमता कसरी बढ्दै गयो ? राजनीतिक परिवर्तनसँगै देशमा आएको प्रशासन संयन्त्रले रेडियो नेपाललाई कस्तो प्रभाव पार्‍यो भन्ने कुराको चर्चा यहाँ गरिएको छ । लेखको पहिलो भागमा संस्थापन र व्यवस्थापनको चर्चा छ भने दोस्रो भागमा प्राविधिक विकासक्रम । यहाँ स्थापनादेखि २०६० सालसम्म आइपुग्दा यसको संस्थागत संरचना र व्यवस्थापन कस्तो रह्यो भन्नेबारे चर्चा गरिएको छ। संस्थापन र व्यवस्थापनको चर्चा गर्ने क्रममा यसलाई तीन उप खण्डमा बाँडिएको छ। २००७ देखि २०६० सम्मको यो अवधिका विभिन्न समयमा नेपालको इतिहासमा महत्त्वपूर्ण राजनैतिक परिवर्तनहरू भए । तिनले रेडियो नेपालको संस्थागत प्रक्रियामा पनि केही प्रभाव पारेका छन् । त्यसकारण राजनैतिक परिवर्तनको सेरोफेरोसँगै यो लेखको पहिलो खण्डलाई पनि यी कालखण्डमा विभाजन गरिएको हो । संस्थापन र व्यवस्थापनको चर्चापछि प्राविधिक विकासबारे छुट्टै चर्चा छ र अन्तमा निष्कर्ष दिइएको छ ।

## संस्थापन र व्यवस्थापन

### *प्रसारणको गोरेटो (२००७-२०१७)*

१०४ वर्षसम्मको राणाकाल समाप्त भई ७ फागुन २००७ मा प्रजातन्त्र आयो । राणा, राजा र काँग्रेसको त्रिपक्षीय सम्झौताअनुसार तीनै पक्ष सम्मिलित नयाँ सरकार बन्यो । राणाकालका अन्तिम प्रधानमन्त्री मोहनशमशेर नै अन्तरिम प्रधानमन्त्री बने । क्रान्तिका नायक विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री थिए । रेडियो प्रसारण कसरी गर्ने भन्नेबारे बालकृष्ण सम, मुरारिकृष्ण शर्मा, समरबहादुर मल्ल, श्यामदास वैष्णव, भवानी भिक्षु, रश्मि राज्यलक्ष्मी, विराटनगरको प्रजातन्त्र नेपाल रेडियोका सञ्चालक तारिणीप्रसाद कोइराला लगायतका व्यक्ति छलफलमा सहभागी थिए । उक्त छलफलमा कार्यक्रमको खाका समेत तयार भएको थियो (सिजापति २०४०/४१) ।

रेडियो प्रसारणको लागि तत्कालीन राणा सरकारले आकाशवाणी सेवाको लागि प्रयोगमा ल्याएको तर त्यतिबेला प्रयोग नभई सिंहदरबारकै कुनामा थन्किएर बसेको २५० वाट क्षमताको ट्रान्समिटरलाई उपयोग गरिएको थियो । पहिले राणा खलकका बच्चाबच्ची पढाउने सिंहदरबार भित्रकै एउटा कोठालाई स्टुडियो बनाइयो (सिजापति २०४०/४१) । यसरी २० चैत २००७ देखि नै रेडियो नेपाल प्रसारणको औपचारिक सुरुआत गरियो । सुरुको दिन तारिणीप्रसाद कोइरालाद्वारा 'यो प्रजातन्त्र नेपाल रेडियो हो अब समाचार सुन्नुहोस्' भनेर समाचारवाचन गरेपछि नै प्रसारणको थालनी भएको भन्नेमा धेरैजनाको मतैक्य देखिन्छ (सुनुवार २०५६, अधिकारी २०५४, शाह २०५४) । तर रेडियो नेपालमा प्रारम्भिक दिनदेखि नै संलग्न हरि श्रेष्ठका अनुसार पहिलो दिनको


भाग ५१ | संवत् २००७ साल

समाचार प्रचार (ब्रडकाष्टिङ)

[illegible]

—[illegible]

तस्बिर ३.१: काठमाडौंमा प्रजातन्त्र नेपाल रेडियो स्थापना हुनुपूर्व यसबारे १७ चैत २००७ को *गोरखापत्र*मा प्रकाशित सूचना ।

प्रसारण रश्मि राज्यलक्ष्मीको 'यो प्रजातन्त्र नेपाल रेडियो हो' भन्ने उद्घोषका साथ सुरु भएको थियो। त्यसको लगत्तै तारिणीप्रसाद कोइरालाले एउटा वक्तव्य पढेका थिए, जुन वक्तव्यमा देशको समसामयिक अवस्था र रेडियोको आवश्यकता सम्बन्धमा बोलिएको थियो । श्रेष्ठ (२०५६) का अनुसार उक्तदिन बिहान ८ बजेदेखि ९ बजेसम्म अर्थात् एक घण्टा रेडियो प्रसारण भएको थियो । रामविक्रम सिजापतिले भने त्यो वक्तव्य बालकृष्ण समले वाचन गरेको उल्लेख गरेका छन् (सिजापति २०४०/४१) । त्यस दिनको कार्यक्रममा हरिप्रसाद रिमाल, कृष्णप्रसाद रिमाल, समरबहादुर मल्ल, धर्मराज थापा, सुशीलादेवी, मञ्जुलादेवी र जीवनलाल सत्यालले गीत तथा कविता पनि वाचन गरेका थिए । नेपालीमा तारिणीप्रसाद कोइराला र अंग्रेजीमा मधुसुदन देवकोटाले समाचारवाचन गरी कार्यक्रम समाप्त गरिएको कुरा हरि श्रेष्ठ (२०५६) ले आफ्नो पुस्तक *रेडियो नेपालः एक सम्झना*मा र रामविक्रम सिजापति (२०४०/४१) ले *रत्नश्री*मा व्यक्त गरेका छन् । जे होस्

पहिलो दिनमा के र कसरी प्रसारण भयो भन्नेबारे विभिन्न व्यक्तिका फरक फरक मतहरू भएपनि प्रसारण मितिबारे सबैको एकमत छ ।

सुरुकै दिनमा कार्यक्रम कसले कसरी चलाउने भन्नेबारे राम्रो गृहकार्य समेत भएको थिएन । रेडियो चलाउने अनुभव र कुनै तालिम नभएका कारण काम कसरी गर्ने भन्नेबारे दुबिधा नै थियो । रेडियो सञ्चालनको प्रमुख जिम्मेवारी तारिणीप्रसाद कोइरालाले लिएका थिए । उनीसँग विराटनगरको क्रान्तिकारी रेडियोमा काम गर्दाको केही अनुभव भएपनि रेडियो सञ्चालनबारे यथेष्ट ज्ञान थिएन । उनीबाहेक अरूसँग त्यही अनुभव पनि थिएन । राज्यको प्रशासनिक निकायमा बस्नेहरू पनि रेडियो प्रसारणबारे अनुभवहीन नै थिए । त्रिपक्षीय सम्झौताका आधारमा बनेको सरकार भएकाले एउटै पक्षले मात्र चाहेर प्रशासन संयन्त्र चल्न नसक्ने हुँदा आपसी सहमतिबाटै काम चलाउनु पर्दथ्यो । तसर्थ रेडियो प्रसारणलाई व्यवस्थित गर्न कुनै निश्चित मापदण्ड बनाइएको थिएन । सुरुमा गृह मन्त्रालयको मातहतमा सूचना तथा प्रसार विभाग र उक्त विभागको मातहतमा रेडियो नेपाललाई राखिएको थियो । बालकृष्ण सम सूचना तथा प्रसार विभागको प्रमुख र तारिणीप्रसाद कोइराला रेडियोका स्टेसन डाइरेक्टर थिए । रश्मि राज्यलक्ष्मी उपनिर्देशक थिइन् । (२००७ देखि २०६० सालसम्मका प्रमुखहरूको नामावली र पदावधिका लागि अनुसूची १ को तालिका ३.२ हेर्नुहोस्) । त्यतिबेला कर्मचारी राख्न कुनै निश्चित मापदण्ड बनिनसकेको हुँदा चिनाजानी र सम्पर्कका आधारले नै त्यहाँ ठाउँ पाउँथे । व्यक्तिगत सम्पर्कको आधारमा कर्मचारी राखिने भएपनि योग्य र इमानदारले प्राथमिकता पाउने हुँदा कहीँ कतैबाट गुनासो आएको थिएन ।[२]

लामो शासनकालको पतनपछिको नयाँ परिवेशमा बनेको सरकार हुनाले ऐन कानुन बनिसकेका थिएनन् । राणाकालीन शासनको अन्त्य भएपनि प्रशासन भने पछिसम्म पुरानै ढर्रामा चलिरहेको थियो । तारिणीप्रसादले रेडियोका कर्मचारीलाई धेरैपटक चन्दा उठाएर तलब खुवाएको हरि श्रेष्ठको ठम्याइ छ । तर प्रकाशमान सिंह भने कुनै कुनै मन्त्रालयबाट केही पैसा आउने र त्यसैबाट रेडियोको खर्च चल्ने गरेको बताउँछन् । कुन कर्मचारीलाई कति तलब खुवाउने कुन दर्जा दिने भन्ने विषयमा निश्चित मापदण्ड नबनेपनि मान्छेको कामअनुसार तलब स्केल तोकिएको थियो । पद वा दर्जाहरू पनि आपसी सहमतिमा सिर्जना गरिएका थिए । सिर्जित पदहरूमा तलब खुवाउन कुनै निश्चित शीर्षक नभएकाले गृह मन्त्रालयले विशेष शीर्षकअन्तर्गत् तलब निकासा गरेको प्रसङ्ग भोग्यप्रसाद शाह

[२] श्यामदास वैष्णवसँगको कुराकानीमा आधारित ।

सम्झन्छन् । त्यसरी तलब निकासा हुँदा कहिलेकाहीँ दुईचार महिना ढिला पनि हुन्थ्यो । यसले गर्दा जागिर खान आउनेहरूले पैसा नपाएरै जागिर छोड्ने, कसैले त्यहीँका सामान उठाएर लैजाने परिस्थिति पनि आएको थियो (श्रेष्ठ २०५६ख) ।

काम गर्न सजिलो होस् भनेर २००८ सालमा रेडियो व्यवस्थापनले विभिन्न शाखाहरू बनाएको थियो । कार्यक्रम शाखा, प्राविधिक शाखा, समाचार शाखा, प्रशासन शाखा आदि । प्रत्येक शाखामा एक-एक शाखा प्रमुख हुन्थे । त्यस शाखाको काम उसकै जिम्मामा रहने व्यवस्था मिलाइएको थियो । त्यसैअनुरूप कार्यक्रम शाखाले कार्यक्रम उत्पादन र प्रसारण गर्ने, प्राविधिक शाखाले प्रविधि मिलाउने, समाचार शाखाले समाचार सङ्कलन र प्रसारण गर्ने र प्रशासन शाखाले प्रशासनिक काम हेर्ने व्यवस्था थियो ।

२००८ सालको उत्तरार्द्धतिर काँग्रेस पार्टीमा वीपी कोइराला र मातृकाप्रसाद कोइरालाको खट्पट् परी वीपी कोइराला सरकारबाट बाहिरिए । त्रिपक्षीय सरकार भङ्ग भयो । त्यसैताक तारिणीप्रसाद कोइराला पनि रेडियो छाड्न बाध्य भए । विघटनपछि मातृकाप्रसाद कोइरालाको नेतृत्वको नयाँ सरकारसँग कुरा नमिलेकाले नै तारिणीप्रसाद रेडियो नेपालबाट बाहिरिएको धारणा राख्छन् प्रकाशमान सिंह तर *झङ्कार* (२००८ङ) को विणा १ कम्पन ११ मा प्रकाशित सम्पादकीयमा भने उनलाई रेडियोबाट निकालिएको उल्लेख छ (हेर्नुहोस् अध्याय २३) । कोइराला रेडियोको डाइरेक्टर मात्र नभई साहित्यकार र वीपी कोइरालाका राजनैतिक सहयोगी समेत थिए । उनी रेडियो नेपालमा हुञ्जेल सरकारको दबाब नपरेकाले पनि कर्मचारीहरूले निर्धक्कसाथ काम गर्न सक्ने वातावरण थियो भन्ने अनुभव प्रकाशमान सिंहको छ ।

समयक्रमसँगै प्राविधिक क्षमता पनि बढ्दै गयो र प्रसारण समय पनि लम्बिँदै गयो । कार्यक्रम बढ्दै जानुका साथै नयाँ नयाँ कर्मचारीहरू पनि थपिए (२००८ सालमा रेडियो नेपालमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची २ को तालिका ३.३ मा दिइएको छ) । तारिणीप्रसाद त्यहाँबाट बाहिरिएपछि त्यस ठाउँमा काम चलाउन भनेर केही महिना रश्मि राज्यलक्ष्मीलाई राखिएको थियो । कार्यक्रम चलाउने बाहेक उनी प्रशासन पनि हेर्थिन् । उनको कार्यकाल करीब डेढ महिना मात्रै रहेको थियो । त्यसको केही महिनापछि सूचना विभागका अतिरिक्त डाइरेक्टर भवानी भिक्षुलाई रेडियो नेपालको का.मु. निर्देशकका रूपमा राखियो । तर उनको कार्यकाल पनि सुखद नरहेको हरि श्रेष्ठको कथन छ । कर्मचारीलाई स्तर र दर्जा छुट्ट्याई व्यवस्थित बनाउनका लागि भिक्षुले कार्डको व्यवस्था गर्न खोज्दा केही कर्मचारीले आपत्ति जनाए । त्यसपछि रेडियो छोडेर

गएका भिक्षु कहिल्यै नफर्केको प्रसङ्ग जोड्छन् हरि श्रेष्ठ । भवानी भिक्षु साहित्यिक प्रवृत्तिका मानिस भएकाले भावुक थिए तर उनमा प्रशासन चलाउन सक्ने क्षमता नभएकै कारण बाहिरिएका हुन् भन्ने प्रकाशमान सिंहको ठम्याइ छ ।

२०१० सालमा कोलम्बो योजना सुरु भयो । रेडियो प्रसारणका क्षेत्रमा यसको योगदान उल्लेखनीय रह्यो । उक्त योजनाअनुसार २०११ सालमा रेडियो नेपालका कर्मचारीलाई तालिमका लागि भारत पठाउने निर्णय गरियो । भारत जाने टोलीमा आफू पनि परेको तर जागिरको ग्यारेन्टी नभएसम्म तालिममा भाग नलिने अडान आफूले लिएको कुरा प्रकाशमान सिंह बताउँछन् । त्यसबेला प्रशासनले निजामती किताबखानामा आफ्नो नाम लेखिदिएपछि मात्र उनी तालिम लिनका लागि भारत गएका थिए ।[३] उक्त तालिमको अवधि छ महिनाको थियो भने यसको आयोजना अल इण्डिया रेडियोले दिल्लीमा गरेको थियो । त्यसमा भाग लिने अर्का व्यक्ति राजेन्द्रप्रसाद गुप्ता थिए । यसबाट २०११ सालदेखि नै रेडियो प्रसारणका सम्बन्धमा विदेश गएर तालिम लिने क्रमको सुरुआत भएको थाहा हुन्छ ।

२००९ सालमा देवेन्द्रराज उपाध्यायलाई रेडियो नेपालको निर्देशक बनाइयो । उनी २०१६ सालसम्म निर्देशकका रूपमा रहे । उनी आएपछि रेडियोलाई व्यवस्थित गर्ने केही प्रयास भयो । २०१४ सालसम्म काम गरेका रेडियोका धेरैजसो कर्मचारीलाई २०१५ सालमा स्थायी बनाइयो । त्यतिबेला रेडियो नेपालका करीब १०० जना जति कर्मचारी स्थायी बनाइएको कुरा भोग्यप्रसाद शाह सम्झन्छन् । तर गायक कलाकारहरू भने त्यसमा नपरेकाले उनीहरूले उक्त कार्यको विरोध गरे । त्यसपछि सेवा अवधिका आधारमा क, ख, ग गरेर कर्मचारीको श्रेणी विभाजन गरियो । गायक/कलाकार, उद्घोषक र समाचार वाचक यी तीन पदलाई स्थायी नगरी दुई/दुई वर्षमा नवीकरण गर्दै लैजाने व्यवस्था मिलाइएको थियो । उक्त तीन पदका व्यक्तिहरू स्वर/गलाका आधारमा काम गर्ने हुनाले कुनैबेला स्वर/गला बिग्रिए वा सुकेमा काम गर्न नसक्ने कारणले परीक्षणका आधारमा राखिएको थियो ।[४] यस व्यवस्थाबाट पनि पिडित कर्मचारीहरू सन्तुष्ट हुन सकेनन् । पछि धेरै विरोध भएकाले तत्कालीन व्यवस्थापन स्थायी गर्न बाध्य

---

[३] रेडियो नेपालका कर्मचारीहरूमध्ये किताबखानामा नाम दर्ता हुने पहिलो व्यक्ति आफू नै भएको प्रकाशमान सिंहको भनाइ छ । तर २००९ सालमा नै तत्कालीन डाइरेक्टर देवेन्द्रराज उपाध्याय र आफ्नो नियुक्ति सँगै किताबखानामा दर्ता भएको थियो भन्छन् कृष्णबहादुर खत्री ।

[४] भोग्यप्रसाद शाहसँगको कुराकानीमा आधारित ।

भएको थियो । त्यसबाहेक कलाकारहरूको प्रोत्साहनका लागि प्रत्येक वर्ष सङ्गीत सम्मेलन गर्ने भनिएको थियो (श्रेष्ठ २०५६ख) ।

काम गर्ने कर्मचारीहरूमा प्रायः गरेर काठमाडौँवासी पुरुषहरू नै थिए । थोरैमात्र काठमाडौँ बाहिरका थिए । महिलाको सङ्ख्या पनि न्यून थियो । सुरुआतदेखि नै संलग्न राणा परिवारका सदस्यहरू रश्मि राज्यलक्ष्मी र मिस एलिस (दुर्गा राज्यलक्ष्मी) का अतिरिक्त किशोरीदेवी, कोइलीदेवी आदि थिए । २०१३ सालपछि भने रेडियो नेपालमा महिला कर्मचारीको उपस्थिति बढ्न थाल्यो (हेर्नुहोस् अध्याय १९) ।

२०१५ सालको आमनिर्वाचनपछि वीपी कोइरालाको नेतृत्त्वमा नेपाली काँग्रेसको सरकार बन्यो । उक्त सरकारले पनि रेडियो व्यवस्थापनलाई सुधार गर्नेतर्फ कुनै उल्लेखनीय पाइला चालेको देखिएन । यो सरकार करिब डेढवर्ष मात्र रहेका कारण पनि यसतर्फ ठोस काम गर्न पर्याप्त समय नपुगेको अनुमान गर्न सकिन्छ । २०१६ देखि २०१७ सालसम्म सूचना तथा प्रसार विभागका अतिरिक्त निर्देशक सुरेन्द्रराज शर्मालाई नै रेडियो नेपालको निर्देशक बनाइयो । त्यसवेला सूचना विभाग र रेडियो नेपाल हेर्ने निकाय नै सूचना तथा प्रसार विभाग थियो र रेडियोको आफ्नै डाइरेक्टर नभएको बखत विभागबाटै का.मु. डाइरेक्टरको नियुक्ति हुन्थ्यो ।

रेडियो प्रसारणको करीब १० वर्षे यो अवधिमा रेडियो नेपालको व्यवस्थापन अन्यौलग्रस्त नै देखियो । रेडियो नेपालको संस्थागत संरचना र व्यवस्थापन कस्तो हुने भन्नेबारे कुनै निश्चित नीति र निर्देशन नहुँदा पनि यस्तो भएको हुनसक्छ । त्यस्तै रेडियो सञ्चालन वा प्रसारण गर्ने सवालमा दक्ष जनशक्तिको अभाव भए पनि जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्नेतर्फ त्यति ध्यान जान सकेन । यस अवधिमा कमै व्यक्तिले मात्र तालिम र प्रशिक्षण लिन पाए । राजनैतिक अस्थिरताका कारण सरकारहरू परिवर्तन भइरहेकाले पनि रेडियो नेपालले सरकारतर्फबाट खासै सहयोग पाउन सकेन । यस अर्थमा यो कार्यकालको उपलब्धि भनेको नै रेडियो नेपालले निरन्तरता पायो भन्ने मात्र हो । यसप्रकार रेडियो नेपाल आफू हिँड्ने गोरेटो आफै बनाउँदै अगाडि बढ्यो ।

## *पञ्चायती राजको प्रसारण (२०१७-२०४६)*

१ पुस २०१७ मा राजा महेन्द्रले जननिर्वाचित सरकारलाई हटाएर आफ्नो सक्रिय शासनसहितको निर्दलीय पञ्चायत व्यवस्था लागू गरे । २०१७ सालको राजाको उक्त कदमपछि दलीय गतिविधि बन्द हुन पुग्यो । रेडियो नेपालको प्रशासनिक संरचना पनि परिवर्तन भयो । पहिला गृह मन्त्रालयअन्तर्गत् रहेको रेडियो नेपाललाई

२०१८ सालदेखि राष्ट्रिय निर्देशन मन्त्रालयको मातहतमा राखियो । अरू संरचना भने पहिले जस्तै नै रह्यो । निजामती सेवा नियमावली बनेपछि त्यहीअनुसार हुने भनिए पनि त्यसविपरीत रेडियो नेपालका लागि मात्र भनेर केही पदहरू सिर्जना गरिए । कामको चाप भएको बखत आफूलाई आवश्यक पदहरू सिर्जना गर्न सक्ने व्यवस्था गरियो । ती पदहरू भने अस्थायी प्रकृतिका हुन्थे र प्रशासनिक कर्मचारीको झैँ सेवा सुविधा पाउँदैनथे । उनीहरूको सञ्चयकोष कट्टा हुँदैनथ्यो । २०१८ सालमा रेडियोसम्बन्धी तालिम लिनको लागि प्राविधिक एक र गैर प्राविधिक एक गरी दुईजना कर्मचारीलाई अमेरिका पठाइएको थियो । तालिमको अवधि प्राविधिकका लागि एक वर्ष र गैर प्राविधिकका लागि सात महिनाको थियो (शाह २०५७) ।

२०१७ सालपछाडि राजा महेन्द्रको राजनैतिक कदमलाई आवश्यक र उपयुक्त थियो भन्ने देखाउँदै पञ्चायती व्यवस्थाको प्रचार गर्न रेडियो प्रयोग भयो (हेर्नुहोस् अध्याय ७) । यसका लागि पनि जनतामा रेडियो श्रवणको पहुँच बढाउनु जरुरी थियो । त्यसैले २०१८ सालपछि तत्कालीन संस्थापन पक्षले सार्वजनिक श्रवणकेन्द्रको स्थापनालाई प्राथमिकता दियो भन्न सकिन्छ । पाँच वर्षको अवधिमा देशका अधिकांश भागमा उक्त केन्द्र खोल्ने र क्रमिक रूपमा सबै ठाउँमा पुऱ्याउने कुरा दोस्रो पञ्चवर्षीय योजनामा समेत उल्लेख थियो (हेर्नुहोस् अध्याय ४) । २०२४ सालसम्म उक्त केन्द्रको सङ्ख्या ३७४ पुगेको थियो (श्री ५ को सरकार २०२७) । गीत सङ्गीतप्रति राजा महेन्द्रको पनि रुचि थियो । यसर्थ गीत सङ्गीतलाई प्रवर्द्धन गर्न रानी रत्नको नाममा २०१८ सालमा रत्न रेकर्डिङ ट्रष्टको स्थापना गरिएको थियो (खरेल २०३९) । रत्न रेकर्डिङको स्थापनापछि गीत सङ्गीतको क्षेत्रमा उल्लेख्य प्रगति भएको देखिन्छ । उक्त ट्रष्ट २०२४ सालमा संस्थानको रूपमा परिणत भयो । छुट्टै संस्थाको रूपमा स्थापना भएपनि आर्थिक हिसाबले यसलाई आत्मनिर्भर बनाउन रेडियो नेपालको भूमिका महत्त्वपूर्ण थियो (हेर्नुहोस् अध्याय ५) ।

राष्ट्रिय निर्देशन मन्त्रालयको मातहतमा रहेको रेडियो नेपाललाई २०२० सालदेखि पञ्चायत मन्त्रालयअन्तर्गत् राखियो । त्यसपछि यो २०२३-२४ मा प्रचार प्रसार मन्त्रालय, २०२५-२७ मा सूचना तथा प्रसार र २०२८–२०४६ सम्म सञ्चार मन्त्रालयको मातहतमा रह्यो । यता प्रचार तथा प्रसारलाई एउटै विभाग अर्थात् प्रचार तथा प्रसार विभागमा लामो समयसम्म राखिँदै आएकोमा २०२० सालपछि बेग्लाबेग्लै विभागमा विभाजन गरियो । रेडियो नेपाल सञ्चालन गर्न स्वतन्त्र निकायको रूपमा प्रसार विभाग कायम भयो (शाह २०५७) । फरक फरक मन्त्रालयअन्तर्गत् राखिएपनि प्रशासनिक रूपरेखामा भने खासै अन्तर आएन ।

२०१८ को सुरुआतसँगै निर्देशकको पदमा प्रकाशमान सिंहलाई ल्याइएको थियो । पहिला उनलाई रेडियो नियन्त्रक भनेर ल्याइएपनि पछि निर्देशक बनाइयो । २०२४ सालसम्म उनी निर्देशक रहे । त्यसपछि २०२५ देखि २०२८ सम्म भोग्यप्रसाद शाह निर्देशक बने ।

२०१७ पछिका केही वर्षहरूमा रेडियो नेपालमा पुस्तक प्रकाशनले पनि गति लियो । २०१८-२०२७ सालसम्म हरेक वर्ष रेडियो नेपालले आफ्नो जन्मदिन वा राजा महेन्द्रको जन्मोत्सव पारेर रेडियो नेपालबाट प्रसारित सामग्रीमध्ये केही छानिएका सामग्री समावेश गरी पुस्तक प्रकाशन गरेको पाइन्छ (यी सबै पुस्तकका नामहरू 'युग' शब्दबाट सुरु हुने– जस्तैः *युग चेतना, युगज्योति, युग आवाज* आदि– हुँदा यी प्रकाशनलाई 'युग शृङ्खला' पनि भन्न सकिन्छ) । त्यसबाहेक तत्कालीन व्यवस्थापनले राजा महेन्द्रको व्यक्तित्त्व र पञ्चायती व्यवस्थाबारे लेखिएका अन्य सामग्रीहरू पनि प्रकाशन गरेको थियो (हेर्नुहोस् अध्याय २३) । यसरी प्रसारणका साथसाथै प्रकाशनको माध्यमबाट समेत पञ्चायती व्यवस्थाको प्रचार गर्न रेडियो नेपाल चुकेन ।

२०२५ सालमा रेडियोका कार्यक्रमहरूमा सुधारका लागि सुझाव दिन रेडियो कार्यक्रम सल्लाहकार समिति बनाइयो । उक्त समितिले आवश्यक अध्ययन गरी रेडियो कार्यक्रमबारे विभिन्न सुझावहरू दिएको थियो (गोरखापत्र २०२५) । समितिकै सुझावअनुसार विज्ञापनलाई प्रवर्द्धन गर्न विज्ञापन शाखाको समेत स्थापना भएको थियो । रेडियो नेपाललाई व्यवस्थित र प्रभावकारी बनाउन श्री ५ को सरकारले २०२८ सालमा सञ्चार योजना ल्यायो । यस योजनाले कार्यक्रम फाँटमा बाहेक व्यवस्थापनलाई समेत चुस्त बनाउन व्यवस्थापकीय खाका तयार पार्‍यो (हेर्नुहोस् अध्याय ४) । जसअनुसार रेडियो नेपाल निर्देशकले हेर्ने गरेकोमा त्यसपछि महानिर्देशकले हेर्ने गरी कार्य विभाजन तोकियो । उक्त योजनाले रेडियो नेपालमा भएका समस्याहरूमाथि विचार विमर्श गरी आवश्यक नीति नियम र योजना तयार गर्नको लागि सात सदस्यीय रेडियो सल्लाहकार मण्डलको स्थापना गरेको थियो । सञ्चार मन्त्रालयका सचिव यस मण्डलका अध्यक्ष र प्रसार विभागका महानिर्देशक पदेन सचिव हुने कुरा उल्लेख थियो । त्यसबाहेक कार्यक्रमलाई विस्तृत र प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी प्रस्तावित योजना समेत तर्जुमा गरिएको थियो । जसअनुसार अध्यक्षकै रेखदेखमा सम्पूर्ण कार्यक्रम सञ्चालन हुने, प्राविधिक काममा प्रमुख भई महानिर्देशकलाई सहयोग गर्न एक उपमहानिर्देशक रहने व्यवस्था समेत उक्त योजनामा गरिएको थियो (श्री ५ को सरकार २०६०ग) ।

प्रशासन शाखाले सामान्य प्रशासन, लेखा, प्रकाशन र सङ्ग्रहालयसम्बन्धी; समाचार निर्देशन शाखाले नेपाली तथा अंग्रेजी समाचारको सङ्कलन, सम्पादन र प्रसारणसम्बन्धी; प्राविधिक शाखाले प्रविधिसम्बन्धी सबै काम हेर्ने गरी कार्य विभाजन गरिएको थियो (श्री ५ को सरकार २०६०गः १४४) । कृष्णबहादुर खत्रीका अनुसार २०४१ मा रेडियो नेपाल विकास समितिमा जानुभन्दा अगाडिसम्म पनि कार्यरत स्थायी कर्मचारीहरूको सङ्ख्या एकसय जति मात्र थियो ।

२०२८ सालको सञ्चार योजनामा कार्यक्रम निर्देशन शाखाले समाचारबाहेक सबै कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको थियो । राजपत्राङ्कित तृतीय श्रेणीको व्यक्ति रेडियो नेपालको निर्देशक हुने गरेकोमा सञ्चार योजना २०२८ अनुसार राजपत्राङ्कित द्वितीय श्रेणीको व्यक्तिलाई महानिर्देशक बनाइएको थियो । यसका लागि अन्य विभागबाट ल्याई महानिर्देशक बनाएपछि रेडियो नेपालका कर्मचारीहरूलाई पदमिलान गर्न बाहिर पठाइएको थियो (श्री ५ को सरकार २०६०ग) । खासगरी २०१७ पछिको अवधिमा पनि रेडियो नेपालको व्यवस्थापनलाई निर्देशन गर्ने खालको निश्चित नियमावली थिएन । रेडियो नेपाललाई कर्मचारी आवश्यक भएको बेला लोक सेवा आयोगमार्फत स्थायी पद पूर्ति गर्ने चलन थियो । अस्थायी रूपमा कर्मचारी राख्नका लागि भने निर्देशकसहितको समितिले निर्णय गर्दथ्यो । समग्रमा रेडियो हेर्ने छुट्टै निर्देशक भएपनि मन्त्री वा सचिवको हस्तक्षेप कायमै थियो ।

२०४१ सालमा रेडियो नेपाललाई सुधार गर्दै लैजाने सोचअनुरूप रेडियो नेपाल सुधार र सुदृढीकरण योजना २०४१ प्रस्ताव गरियो । उक्त प्रस्तावअनुसार रेडियो व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन कार्य योजना तयार पारिएको थियो । यस योजनाले कार्यक्रम, सङ्गीत, गीत, समाचार र अन्य प्रशासकीय तहमा भएका वा हुन सक्ने कमी कमजोरी हटाई रेडियो प्रसारणलाई बढीभन्दा बढी श्रोता समक्ष लैजाने र विज्ञापनलाई अझ प्रभावकारी बनाई आयस्रोत बढाउनेबारे छुट्टै नीति बनाउने कुरालाई पनि जोड दिएको थियो (श्री ५ को सरकार २०४१, हेर्नुहोस् अध्याय ४) । उक्त योजनामा प्रसार विभागअन्तर्गत् रहेको रेडियो नेपालको व्यवस्थापन कस्तो थियो, शाखा प्रशाखामा कति जनशक्ति थिए, यिनीहरूको स्तर र प्रकृति कस्ता थिए आदि विषयमा मूल्याङ्कन प्रतिवेदन तयार पारेको थियो । समग्रमा रेडियो नेपाल चलाउनलाई चाहिने जनशक्ति कति छन्, कति अपुग छन् जस्ता प्रश्नहरूको जवाफसमेत खोजेर योजना प्रस्ताव गरिएको थियो । तर रेडियो नेपालको व्यवस्थापनलाई प्रभावकारी रूपमा चलाउन गतिलो संयन्त्र भने कहिल्यै देखिएन । त्यसको पछिल्लो उदाहरण हो भदौ २०४१ मा रेडियो नेपाललाई प्रसार विभागबाट छुट्ट्याएर रेडियो प्रसार सेवा विकास समितिमा

लगिएको कुरा । जबकि दुई महिनाअगाडि बुझाइएको प्रतिवेदनमा विज्ञापन सेवालाई मात्र विकास समितिअन्तर्गत् राख्ने योजना बनाइएको थियो । तर दुई महिना नपुग्दै विकास समिति ऐन २०१३ अनुसार समग्र रेडियो नेपाललाई नै विकास समितिमा लगियो (श्री ५ को सरकार २०४१) ।

विकास समितिमा लगिएपछि सञ्चार मन्त्रालयका सचिवको अध्यक्षतामा आठ सदस्यीय रेडियो प्रसार सेवा विकास समिति गठन गरिएको थियो, जसमा अर्थ, कानुन तथा न्याय, परराष्ट्र, र गृहमन्त्रालयको सह-सचिव स्तरका एक-एक जना प्रतिनिधिहरू तथा गैर सरकारी क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूमध्ये श्री ५ को सरकारबाट मनोनित दुईजना गरी छजना सदस्य रहने व्यवस्था थियो । त्यसैगरी रेडियो नेपालका व्यवस्थापकलाई समितिको सदस्य सचिवका रूपमा तोकिएको थियो । त्यसबाहेक दैनिक काम चलाउनका लागि सरकारले सह-सचिव स्तरको व्यक्तिलाई कार्यकारी निर्देशकको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गठन आदेश २०४१ मा गरिएको थियो । सरकारले चाहेको बेलामा कर्मचारीहरू सरुवा वा बढुवा गर्नसक्ने तथा अन्य अवस्थामा विकास समिति (गठन) आदेश २०४१ बमोजिम नै हुने कुरा पनि यसमा जनाइएको थियो (श्री ५ को सरकार २०४१) । यो आदेश आउनु अघिसम्म २०१३ सालमा बनेको नियमावलीले नै काम गरेको थियो । २०४१ पछि रेडियो व्यवस्थापनलाई नियमित गर्ने कानुन नै उक्त आदेश भयो । अहिलेसम्म पनि आम रूपमा रेडियो व्यवस्थापनलाई व्यवस्थित गर्ने काम सो आदेशमार्फत हुँदै आएको छ ।

सुदृढीकरण योजना तर्जुमा गरिएको दुई महिना नबित्दै रेडियो नेपालको संरचना परिवर्तन गर्ने कार्यले व्यवस्थापनको अदूरदर्शिताबाहेक केही झल्काउँदैन । अगाडि बुझाइएको प्रतिवेदनमा त्यही निकायले रेडियोको वृहत्तर सुधार गर्ने भनेर कार्ययोजना तयार पार्‍यो । तर उक्त योजनालाई बेवास्ता गरी त्यत्तिकै छाडियो । तत्कालीन सरकारले कार्ययोजना फेर्नुपर्ने कारणबारे स्पष्ट भने पार्न सकेन । भोग्यप्रसाद शाहका अनुसार उक्त काम रेडियो व्यस्थापनले नभई सीधै मन्त्रालयबाट मन्त्रीमार्फत भएको थियो । “बिना पूर्वाधार नै रेडियो नेपाल व्यवस्थापनलाई विकास समितिमा लैजान हुँदैनथ्यो, यदि लैजानै पर्ने भएमा पनि उचित गृहकार्य गर्नु आवश्यक थियो”, भोग्यप्रसाद शाहको टिप्पणी थियो ।

समग्रमा भन्नुपर्दा सुदृढीकरण योजनाले रेडियोलाई नयाँ दिशातर्फ डोर्‍याउन मद्दत गर्ला जस्तो देखिए पनि त्यो पूर्ण रूपमा कार्यान्वयन हुन पाएन । रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश २०४१ ले त्यो आशालाई अन्त्य गरिदियो । विकास समितिमा गएपछि आफैले कमाएर धानिनुपर्ने भयो । एकातिर

स्वायत्त संस्था हो भनी आर्थिक सहयोग कटौती गर्ने र अर्कोतिर व्यवस्थापनमा नियन्त्रण भने कायमै राख्ने गर्दा रेडियो नेपाल दोहोरो मारमा पर्‍यो ।

२०४५ सालमा गीत सङ्गीतको विकास गर्न भनेर 'सङ्गीत प्रवर्द्धन समिति'को गठन भएको थियो । समितिको गठनले गीत सङ्गीतप्रति रेडियो नेपाल सकारात्मक भएको देखाउन खोजेपनि त्यो त्यति प्रभावकारी भने भएन । न त सो समितिको काम पारदर्शी नै थियो (मुकारुङ २०५६, लुईंटेल २०५२क) । उल्लेख्य काम केही नभएपनि २०६० सालसम्म रेडियो नेपालमा सङ्गीत प्रवर्द्धन समिति जीवितै छ ।

बाहिरबाट हेर्दा रेडियो नेपाल स्वायत्त जस्तो देखिएपनि व्यवहारमा कहिल्यै स्वायत्त हुन नसकेको दुखेसो पोख्छन् श्यामदास वैष्णव । २०४६ सालमा पञ्चायत विरुद्धको आन्दोलन चर्किएकाले तत्कालीन सरकारले आन्दोलनकारीहरूलाई दबाउन, आन्दोलनलाई निस्तेज पार्न रेडियोको दुरुपयोग गर्‍यो । पञ्चायतप्रतिको मोह जनतामा पारिराख्ने प्रयासका लागि रेडियो गतिलो माध्यम थियो । यसर्थ निश्चित नियम नबनेको तथा प्रभावकारी अनुगमन नभएका कारण रेडियोले निश्चित दिशा समात्न नसकी केवल सत्ता र शक्तिको गुणगान गाउँदैमा धेरै वर्ष बितायो भन्न सकिन्छ । २०१७ देखि २०४६ सालसम्मको अवधिमा रेडियोले आफ्ना कार्यक्रमहरूलाई समयानुकूल परिवर्तन गर्दै लैजानेभन्दा पनि आदेशको भरमा चलाउने परिपाटीलाई निरन्तरता दिई राख्यो । कर्मचारी राख्ने निश्चित नियम नभएकाले दरबार र सरकारको आडमा धेरैले जागिर पाए । यो अवधिमा चाहे प्रसार विभागअन्तर्गत् होस् वा विकास समितिका रूपमा, दुवै समयमा रेडियो नेपाल दरबार र पञ्चायती व्यवस्थाको पुल्पुल्याइमा हुर्किरह्यो । निश्चित ऐन, कानुन र नियमहरू नभएको अवस्थामा कर्मचारी र व्यवस्थापन चलाउनको लागि कानुन बनाउनेतर्फ सरकारले चासो दिएन । फलस्वरूप रेडियो नेपाल व्यवस्थापन पञ्चायत कालभरि दरबारकै आड भरोसामा चलेको देखिन्छ ।

## *प्रसारणमा नयाँ आयाम (२०४७-२०६०)*

२०४६ सालमा प्रजातन्त्रको पुनर्वहाली भएपछि विभिन्न क्षेत्रबाट रेडियो नेपालको व्यवस्थापनका क्षेत्रमा धेरै सुधारको आशा गरिएको थियो । प्रविधिको विकास सँगसँगै रेडियो नेपालले आफ्नो कार्यक्रममा बितेका ४० वर्षमा गर्न नसकेका परिवर्तनहरू प्रजातन्त्र आएपछिका १३ वर्षमा गरेर देखायो । तर व्यवस्थापनमा भने आशा गरेअनुरूप सुधार हुन सकेन । कर्मचारी व्यवस्थापन वा संयन्त्रलाई बलियो बनाउन २०४९ सालमा रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली २०४९ र आर्थिक नियमावली २०४९ तर्जुमा गरियो

(रेडियो नेपाल २०४९क, २०४९ख) । सेवा शर्त नियमावली त २०५१ र २०५७ मा गरी दुई पटक संशोधन समेत भइसकेको छ । रेडियो नेपालको कर्मचारी व्यवस्थापनका क्षेत्रमा यी नियमावलीहरू महत्त्वपूर्ण दस्तावेज हुन् ।

कर्मचारी सेवा शर्त नियमावली २०४९ ले कर्मचारीहरूको पद व्यवस्थादेखि सेवा परिवर्तन, सरुवा, बढुवा, हाजिरी, बिदा, अध्ययन, तालिम आदि जस्ता थुप्रै विषयहरूमा स्पष्ट व्यवस्था गरेको छ । नियममा कार्यकारी निर्देशक सञ्चालक समितिप्रति जवाफदेही हुने भएपनि व्यवहारमा भने मन्त्रीप्रति जवाफदेही रहने र उसकै खटनमा चल्ने गरेको कुरा प्रष्ट छ । यो अवस्था हुन नदिन कार्यकारी निर्देशक सञ्चालक समिति वा लोक सेवा आयोग जस्तो स्वतन्त्र निकायप्रति जिम्मेवार हुनु पर्थ्यो । सँगै बनेको आर्थिक नियमावलीमा विज्ञापन र राष्ट्रिय कार्यक्रमको शुल्क दरबारे सञ्चालक समितिले थपघट गर्न सक्ने व्यवस्था गरेको छ । त्यस्तै प्रचार सामग्री उत्पादन, मेसीनरी सामान, औजार पाटपुर्जा इत्यादि खरीद गर्दा रु. एक करोडभन्दा माथिको र जग्गा अधिग्रहण गर्दा रु. पचहत्तर लाखभन्दा माथिको बजेट खर्च गर्न सञ्चालक समितिको स्वीकृति लिनुपर्ने व्यवस्थाबाहेक सबै आर्थिक कारोवार कार्यकारी निर्देशकले गर्न सक्नेछ । यसरी यी दुवै नियमावलीले कार्यकारी निर्देशकलाई प्रमुख कार्यकारिणी अधिकार प्रदान गरेका छन् ।

नियमावलीअनुसार कार्यकारी निर्देशकले तीन महिनासम्म र आवश्यक परेमा थप पनि गर्नसक्ने गरी कर्मचारी राख्न पाउने व्यवस्था छ । दलीय व्यवस्था भनेपनि विभागीय मन्त्री आफ्नो विभागको सर्वेसर्वा हुने भएकाले निर्देशकलाई दबाब दिई रेडियो नेपालमा हालीमुहाली गरेको पाइन्छ । फलस्वरूप सरकार परिवर्तन भएपिच्छे आफ्ना मान्छेहरू भर्ती गर्ने र विपक्षीका मानिसलाई निकाल्ने क्रम तीव्र बन्यो । केहीले भने सरकारमा आउने हरेक दल वा मन्त्रीलाई रिझाएर त्यहीँ नै आफ्नो मुकाम खडा गरेका पनि छन् ।

तालिम र वृत्ति विकासको हकमा नियमावली अनुसारको प्रकृया पुऱ्याउनुपर्ने भएपनि राजनीतिक हस्तक्षेपका कारण सत्ताका नजिक भएका व्यक्तिहरूले मौका पाएका छन् ।[५] राजनीतिक हस्तक्षेपका आधारमै अनुपयुक्त व्यक्तिले तालिम लिने र अध्ययन गर्नजाने क्रम अद्यापि चलिरहेको छ । २०६० देखि रेडियो नेपालले आफ्ना कर्मचारीहरूलाई भित्रैबाट तालिम दिने व्यवस्था मिलाएको छ । तालिम र वृत्ति विकासका लागि विदेश जाने गरेको भएपनि हालसम्म कतिले त्यो मौका पाए भन्नेबारे रेडियो नेपालले तथ्याङ्क राखेको पाइएन । विदेशमा तालिम लिन जानेहरूमा

[५] पाण्डव सुनुवारसँगको कुराकानीमा आधारित ।

पनि धेरैजसो उपल्लो दर्जाका नै थिए । त्यसरी तालिम लिनेहरूको सीपको उपयोगिता भने कमै मात्र भएको छ भन्छन् तालिम शाखाका संयोजक टीका भण्डारी ।

आफ्नो सेवा बढाउनको लागि २०५० सालमा क्षेत्रीय प्रसारण केन्द्रको अवधारणा ल्याई प्रसारण कार्य सुरु गरियो । ती केन्द्रहरूले दैनिक करिब दुईघण्टा सम्बन्धित क्षेत्रका स्थानीय भाषामा समाचार र केही कार्यक्रमहरू प्रसारण गर्नेबाहेक खास काम गर्न सकेका छैनन् । अधिराज्यका विभिन्न पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय प्रसारण केन्द्रहरूमध्ये क्षेत्रीय प्रसारण केन्द्र, दिपायलबाहेक अरू चारओटा केन्द्रहरू आफैले समाचार उत्पादन गरी प्रसारण गर्ने गर्दछन् । क्षेत्रीय प्रसारण केन्द्रहरूको व्यवस्थापन र संरचना कस्तो बनाउने, कसरी चलाउने भन्नेबारे रेडियो नेपालले कुनै खाका तयार पार्न सकेको छैन । क्षेत्रीय प्रसारण केन्द्रहरू सबै सिंहदरबार केन्द्रबाटै निर्देशित छन् र यहीँको बजेटमा सञ्चालित छन् । प्रसारण केन्द्रलाई अधिकार दिने र स्वायत्त बनाउनेबारे बेला बेलामा कुरा उठे पनि कार्यान्वयन भने हुन सकेको छैन ।

अस्थिर राजनीतिका कारण सरकार परिवर्तन भइरहने हुँदा त्यसको सीधा प्रभाव रेडियो नेपालमाथि पर्न गएको छ । कर्मचारीहरू सरकारी निर्देशनअनुसार नै चल्ने गरेको देखिन्छ । त्यहाँ भित्रका कर्मचारीहरूको मूल काम भनेको समाचार सङ्कलन गर्नु र प्रसारण गर्नु मात्रै हो भन्दा अत्युक्ति हुँदैन । किनभने



तस्बिर ३.२: रेडियो नेपालको आधुनिक प्रविधि सम्पन्न भवन (सौजन्यः रेडियो नेपाल) ।

समाचारमूलक कार्यक्रमबाहेक अरू सबै कार्यक्रम धेरैजसो बाहिरबाट नै उत्पादन हुने हुँदा हाल रेडियो नेपालको आफ्नै कार्यक्रम छैन भन्दा पनि हुन्छ (हेर्नुहोस् अध्याय ६)। अझ त्यसमा पनि *घटना र विचार, परिवेश* जस्ता कार्यक्रमहरू उत्पादन गर्न करारमा कर्मचारी भर्ती गर्ने प्रचलन छ (हेर्नुहोस् अध्याय ९)। कार्यक्रम चलाउन बाहिरका जनशक्ति करारमा नियुक्त गरी राख्नुभन्दा रेडियोभित्रै काम नपाएकाहरूलाई जिम्मेवारी दिनुपर्छ भन्ने व्यहोराको ज्ञापनपत्र तत्कालीन सञ्चारमन्त्री राधाकृष्ण मैनालीलाई रेडियो नेपाल कर्मचारी संघले बुझाएको थियो (हिमालय टाइम्स २०५५)। तर यसको सुनुवाई भएको पाइएन।

रेडियो नेपाल आफैले उत्पादन गर्ने कार्यक्रम घटिरहेका छन् तर रेडियो नेपालका कर्मचारी घटेका छैनन्। त्यहीँका अधिकांश अधिकृतसँगको कुराकानीअनुसार आधाभन्दा बढी कर्मचारीहरूले कामै नगरी जागिर खाएका छन्। तर पनि कसैले तिनीहरूलाई कारवाही गर्न सक्दैन। पहिलो कुरा रेडियो नेपाल व्यवस्थापनले काम दिन सकेको छैन र कुनै सुविधा दिएर अवकाश दिन पनि सक्दैन। स्थायी बहालवाला कर्मचारीहरूको सङ्ख्या ५७२ रहे पनि त्यसबाहेक करिब २०० जति कर्मचारीहरू ज्यालादारी नै रहेका छन् (हेर्नुहोस् अनुसूची ३ को तालिका ३.४)। राजनीतिक पार्टीको आडमा कर्मचारीको सङ्ख्या बढेको छ। कामको हिसाबले हेर्ने हो भने आधाभन्दा बढी कर्मचारी हटाए पनि काममा फरक नपर्ने बताउँछन् रेडियो नेपालका नायव कार्यकारी निर्देशक राजेन्द्र शर्मा। राजनीतिक पार्टीहरूको राजनीतिले पनि रेडियो नेपालमा राम्रैसँग जरा गाडेको छ। कर्मचारीहरूले पार्टीका आडमा संघ र सङ्गठन खोल्न पाएका छन्। पार्टी वा मन्त्रीहरूले गरेका कामप्रति ती संघ वा सङ्गठनले ढाकछोप गरिदिनाले पनि मन्त्रीहरू खुलेआम आफ्ना कुराहरू गर्ने र कार्यकर्ताहरू राख्ने गरेको धारणा पूर्व कार्यकारी निर्देशक मुकुन्द आचार्यको छ।

चाहेर पनि स्वयं आफैले केही गर्न नसक्ने अवस्थामा पुगेको छ रेडियो नेपालको संस्थापन र व्यवस्थापन पक्ष। नियम कानुनहरू त छन्, तर तिनीहरूको प्रभावकारी कार्यान्वयन हुन पाएको छैन। रेडियो नेपाल विकास समितिअन्तर्गत् हुँदा होस् वा विभागमा हुँदा, सधैँभरि मन्त्री वा सचिवहरूकै निर्देशनमा रहिरहनु पर्ने स्थिति देखियो। रेडियो नेपालमा सामग्री प्रसारणमा कहिलेकाहीँ हुने स-साना कमजोरीले पनि पदबाट बाहिरिनु पर्ने अवस्था आउँछ। त्यसको ज्वलन्त उदाहरण हो २०५६ सालमा तत्कालीन कायम मुकायम (का.मु.) निर्देशक मुकुन्द आचार्यलाई पदबाट हटाई मन्त्रालय बोलाएर स्पष्टीकरण मागिएको घटना। रेडियो नेपालको स्वर्ण वार्षिकोत्सवको बेला रेडियो नेपालका कलाकारहरूद्वारा

'कन्तविजोग' शीर्षकको नाटक देखाइएको थियो । उक्त नाटकमा विम्बका रूपमा सांसदहरूलाई कीरा भनिएको कारणले सांसदहरूको मानहानि भएको ठहर गरियो र तत्कालीन मन्त्री परिषद्ले एक निर्णय गरी रेडियो नेपालका तत्कालीन का.मु. निर्देशकलाई पदमुक्त गरेको थियो (जन आह्वान २०५६, त्रिगुण २०५७, दाहाल २०५६, न्यौपाने २०५७) ।

रेडियो नेपालको संस्थागत संरचनालाई हेर्ने हो भने पहिलेको तुलनामा २०४७ पछि केही शाखा प्रशाखाहरू पनि थपिए, जसअनुसार समाचार शाखाबाट अलग्गिएर थप अर्को रिपोर्टिङ शाखा जन्मियो । सङ्गीत शाखा पनि बन्यो । त्यसबाहेक श्रोता सर्वेक्षण, लेखा, तालिम प्रशिक्षण, निरीक्षण तथा अनुगमन शाखा पनि बने । रेडियो नेपालले आफ्नो व्यवस्थापनको अलावा कार्यक्रमको प्रभावकारिताको अनुगमन र मूल्याङ्कन गरेको देखिए पनि त्यो क्रम भने निरन्तर देखिँदैन । २०५४ सालमा रेडियो नेपालले श्रोता सर्वेक्षण गरेको थियो (हेर्नुहोस् अध्याय २२) ।

प्रजातन्त्रमा मिडियाको विशेष भूमिका रहने गर्दछ । त्यसमा पनि नेपाल जस्तो स्रोत साधन कम भएको मुलुकमा रेडियोको भूमिका अझै धेरै हुन्छ । केन्द्रदेखि गाउँसम्म सरकारका कुराहरू पुऱ्याउन रेडियो नेपाल नै एक प्रभावकारी माध्यम भएको छ । यस्तो प्रभावकारी माध्यम भएको साधनमा आँखा लगाउनु स्वभाविकै पनि हो । त्यसैले प्रत्येक सरकार परिवर्तन हुनासाथ उसको पहिलो ध्यान रेडियो नेपालमाथि नै पर्दछ ।

## प्राविधिक विकासक्रम

प्राविधिक हिसाबले स्थापना कालसँग तुलना नै हुन नसक्नेगरी रेडियो नेपालको विकास भएको छ । २० चैत्र २००७ मा सिंहदरबारभित्र रहेको आकाशवाणी सेटको २५० वाट क्षमता भएको बि.सी. ६१० यु.एस.कर्प नाम गरेको शर्टवेभ ट्रान्समिटर प्रयोग गरी नेपाल रेडियोको पहिलो प्रसारण भएको थियो (दाहाल २०४९) ।[६] प्रसारणको लागि सहयोग गर्न पाँच जना प्राविधिक संलग्न थिए । २०१० सालतिर पुनः आकाशवाणी सेवाको लागि प्रयोगमा ल्याइएको काठमाडौँको त्रिपुरेश्वरस्थित जगन्नाथ मन्दिर (हालको भद्रगोल जेल) छेवैमा राखिएको अर्को ट्रान्समिटरलाई पनि उपयोग गरिएको थियो । ६० वाटको क्षमता भएको यो ट्रान्समिटर थपिएपछि रेडियो नेपालको प्रसारण मिडियम वेभबाट समेत हुन थालेको थियो ।[७]

---

[६] यो ट्रान्समिटर अहिले म्यूजियममा राखिएको कुरा हरि श्रेष्ठ (२०५६खः ६५) ले उल्लेख गरेका छन् ।

[७] कृष्णबहादुर खत्रीसँगको कुराकानीमा आधारित ।

२०१२ सालसम्म पनि तिनै दुई ट्रान्समिटरबाट सबै कार्यक्रम प्रत्यक्ष प्रसारण हुन्थे । रेकर्डिङ स्टुडियो थिएन । २०११ सालमा राणा प्रधानमन्त्री मोहनशमशेरले छ वर्ष अघि (२००५ सालमा) भारतबाट मगाएको तर कलकत्तामा नै रोकिएको १६० वाटको मिडियम वेभ ट्रान्समिटर नेपाल भित्र्याइयो । २०१३ सालमा नै ५ किलोवाट क्षमताको सर्टवेभ ट्रान्समिटर स्थापना गरिएको थियो (शाह २०५४) । यसको स्थापनापछि उपत्यकाबाहिर पहिले प्रसारण नपुगेका धेरै ठाँउमा रेडियो नेपालको प्रसारण पुगेको थियो । २०१६ सालमा राजा महेन्द्रबाट जाउलाखेलस्थित टेष्ट ट्रान्समिटरको उद्घाटन भएको थियो । उद्घाटनको अवसरमा प्रधानमन्त्री वीपी कोइरालाले “सरकार तथा जनताका बीच राम्रो सम्वन्ध स्थापनाको माध्यममा रेडियो एक महत्त्वपूर्ण अङ्ग हो । पत्रपत्रिका देशव्यापी हुन नसकेको अवस्थामा रेडियोले हाम्रो लागि धेरै महत्त्वपूर्ण स्थान राख्दछ । अष्ट्रेलियाबाट १० किलोवाटको एक नयाँ ट्रान्समिटर चाँडै आउने र रेडियोको प्रसार शक्ति अरू पनि दोब्बर बढ्ने र चाँडै नै विराटनगरमा एक रिलेइङ स्टेसन खोलिने छ” भने । सोही अवसरमा प्रचार तथा प्रसार विभागका डाइरेक्टर सुरेन्द्रराज शर्माले रेडियो नेपालको पाँच किलोवाटको ट्रान्समिटर रेडियो नेपालले गरेको प्रगतिको अर्को स्तम्भ हो भने (झङ्कार २०१६ख) ।

२०१९ सालमा कोलम्बो योजनाअन्तर्गत् अष्ट्रेलिया सरकारले ५ किलोवाट क्षमताको शर्टवेभ ट्रान्समिटर र स्टुडियो उपकरण समेत प्रदान गर्‍यो । अमेरिका र बेलायत सरकारले २०२४ सालमा प्रसारणको विकासमा उल्लेख्य योगदान दिए । प्राविधिक क्षमता विकासको लागि बेलायत सरकारले ललितपुरको खुमलटारमा आधुनिक ट्रान्समिटिङ स्टेसनमा १०० किलोवाट क्षमताको शर्टवेभ ट्रान्समिटर र १० किलोवाट क्षमताको मिडियम वेभ ट्रान्समिटर तथा उपकरण प्रदान गरेको थियो । त्यसैगरी अमेरिकी सरकारले छओटा स्टुडियोसहितको भवन स्थापनामा उल्लेख्य सहयोग गरेको थियो । त्यसबाहेक नेपाल, अमेरिका र बेलायत सरकारको संयुक्त योजनाअन्तर्गत् सिंहदरबारमा आधुनिक स्टुडियोको स्थापना भयो । स्टुडियो भवन निर्माण अमेरिकी सहयोगमा भयो भने स्टुडियो उपकरणहरू बेलायत सरकारबाट सुसज्जित भएका थिए (शाह २०५७) । २०२४ सालमा निर्माण कार्य सम्पन्न भएपनि प्रसारण भने २०२५ सालदेखि भएको थियो । २०११ सालमा कोलम्बो योजना सुरु भएपछि प्राविधिकहरूलाई तालिम दिन पनि थालियो ।

२०३२ सालमा जेनेभामा भएको अन्तर्राष्ट्रिय प्रसारण संघ (International Broadcasting Union-IBU) को सम्मेलनबाट मिडियम वेभका फ्रिक्वेन्सीहरू

सुरक्षित गरिएको थियो । कृष्णबहादुर खत्रीका अनुसार त्यो सम्मेलनमा नेपालको उपस्थिति नभएको भए रेडियो नेपालको प्राविधिक विकास धेरै पछि पर्ने थियो । फ्रिक्वेन्सी बाँडफाँड गर्ने यस्तो सम्मेलन बीस-बीस वर्षमा मात्र हुने गर्दछ । यस सम्मेलनले अन्तर्राष्ट्रिय स्तरमा समन्वय गरी नेपाललाई निम्नअनुसार (हेर्नुहोस् तालिका ३.१) को फ्रिक्वेन्सी उपलब्ध गराएको थियो:

**तालिका ३.१: रेडियो नेपाल क्षेत्रीय प्रसारणका लागि उपलब्ध फ्रिक्वेन्सीहरू**

| स्थान | फ्रिक्वेन्सी | ट्रान्समिटर शक्ति |
|---|---|---|
| काठमाडौँ | ७९२ किलोहर्ज | १०० किलोवाट |
| काठमाडौँ | १५०३ किलोहर्ज | ५० किलोवाट |
| पोखरा | ६८४ किलोहर्ज | १०० किलोवाट |
| पोखरा | ८५५ किलोहर्ज | १० किलोवाट |
| सुर्खेत | ५७६ किलोहर्ज | १०० किलोवाट |
| सुर्खेत | ९०० किलोहर्ज | २० किलोवाट |
| धरान (धनकुटा) | ६४८ किलोहर्ज | १०० किलोवाट |
| धरान (धनकुटा) | ७६५ किलोहर्ज | १०० किलोवाट |
| दिपालय (डडेलधुरा) | ८१० किलोहर्ज | १० किलोवाट |
| बर्दिवास (ढल्केवर) | ११४३ किलोहर्ज | १० किलोवाट |
| अन्य स-साना स्टेसन | भिन्न-भिन्न फ्रिक्वेन्सी | १ किलोवाट |

स्रोत: अधिकारी (२०५४: १०२) ।

२०३० सालमा आइपुग्दासम्म रेडियो नेपालको प्राविधिक क्षमता धेरै बढ्न गयो । २०३९ सालमा यूएसएआइडि (USAID) बाट सहयोगस्वरूप प्राप्त १०० किलोवाटको ट्रान्समिटर पनि रेडियो नेपालमा थप भयो । शिक्षाविद् तथा केही समय रेडियो शिक्षक शिक्षण तालिम परियोजनामा संलग्न रहनुभएका मनप्रसाद वाग्लेका अनुसार उक्त सहयोग रेडियो नेपालका लागि नभई सो परियोजनालाई प्राप्त भएको थियो । यो ट्रान्समिटर भक्तपुरमा स्थापना गरी उक्त परियोजनाअन्तर्गत् छुट्टै रूपमा *रेडियो शिक्षक तालिम कार्यक्रम* प्रसारण गर्ने उद्देश्य रहेको थियो । तत्कालीन सरकारले रेडियो नेपालबाहेक अन्य संस्थालाई प्रसारणको अनुमति नदिएकाले सो ट्रान्समिटर रेडियो नेपालले नै प्राप्त गऱ्यो ।[८]

रेडियो नेपालको प्राविधिक विकासक्रममा जापान सरकारबाट प्राप्त सहयोग अर्को उल्लेखनीय योगदान हो । यो सहयोग मिडियम वेभ स्टेसनको स्थापनार्थ प्राप्त भएको थियो । यसको प्रथम चरणमा २०४० सालमा काठमाडौँ र पोखरामा

[८] मनप्रसाद वाग्लेसँगको कुराकानीमा आधारित ।



तस्बिर ३.३ः स्व. राजा वीरेन्द्रद्वारा २०३९ मा सिंहदरबारस्थित स्टुडियो टर्न टेवलको अवलोकन गरिँदै । बायाँतर्फ रेडियो नेपालका तत्कालीन चीफ इन्जिनियर कृष्णबहादुर खत्री र दायाँतर्फ पृष्ठ भागमा वर्तमान महाराजाधिराज (सौजन्यः कृष्णबहादुर खत्री) ।

क्षेत्रीय प्रसारण केन्द्रहरूको स्थापना भयो । उपत्यकामा पाँचओटा स्टुडियो सहितको आधुनिक प्रविधियुक्त एउटा स्टुडियो भवन स्थापना पनि यसैअन्तर्गत् भयो । मध्यमाञ्चल क्षेत्रका लागि उपत्यकाकै भैसेपाटीमा १०० किलोवाट क्षमताको एउटा मिडियम वेभ ट्रान्समिटिङ्ग स्टेसन समेत स्थापना भयो । पश्चिमाञ्चल क्षेत्रका लागि पोखरामा सानो स्टुडियो सहित १०० किलोवाट क्षमताको एउटा मिडियम वेभ ट्रान्समिटिङ्ग स्टेसन स्थापना भयो । यी दुई स्टेसनको स्थापनाबाट देशको कुल जनसङ्ख्याको ५५% जनताका लागि मिडियम वेभ सेवा पुगेको विश्वास गरिएको थियो ।

दोस्रो चरणअन्तर्गत् २०४५ सालमा पूर्वाञ्चलको धरानमा १०० किलोवाटको मिडियम वेभ ट्रान्समिटिङ्ग स्टेसन, धनकुटामा स्टुडियो भवनको स्थापना र महोत्तरी जिल्लाको बर्दिवासमा १० किलोवाटको मिडियमवेभ ट्रान्समिटिङ्ग स्टेसनको स्थापना गरिएको थियो । अन्तिम चरण अर्थात् २०४६/४७ सालमा मध्य पश्चिमाञ्चलको सुर्खेतमा १०० किलोवाटको मिडियम वेभ स्टेसनका साथै स्टुडियो भवन, सुदूरपश्चिमाञ्चलको दिपायलमा १० किलोवाटको मिडियम वेभ स्टेसनको साथै स्टुडियो भवन स्थापना भए । यी तीनै चरणमा गरी स्थापना भएका मिडियम वेभ ट्रान्समिटिङ्ग स्टेसनबाट रेडियो नेपालको प्रसारण देशको

करिब ८० देखि ८५ प्रतिशत श्रोतालाई मिडियम वेभको भरपर्दो सेवा उपलब्ध भएको अनुमान छ ।

पोखरामा स्थापित ६८४ किलोहर्जको १०० किलोवाटको मिडियम वेभ स्टेसनसम्म कार्यक्रम पुऱ्याउन नेपाल दूरसञ्चार संस्थानको माइक्रोवेभ अपलिङ्क प्रविधिको प्रयोग गरियो । त्यसपछि २०४६/४७ मा पूर्वमा धरान, धनकुटा र बर्दिवास तथा पश्चिममा सुर्खेत अनि दिपायलमा यही प्रविधिको सहयोगमा मिडियम वेभ प्रसारण पुऱ्याइयो । भीएचएफ ब्याण्डको फ्रिक्वेन्सीलाई मिडियम वेभ र शर्टवेभ प्रसारणका लागि स्टुडियो ट्रान्समिटर लिङ्कका रूपमा प्रयोग गरिरहेकै अवस्थामा रेडियो नेपालले ३० कार्तिक २०५२ देखि काठमाडौँ उपत्यकामा स्टेरियो एफएम प्रसारण प्रारम्भ गऱ्यो । यस कार्यका लागि भीएचएफ ब्याण्डको डिजिटल स्टुडियो ट्रान्समिटर लिङ्क प्रयोग गर्न थालियो । स्टेरियो स्तरको यो लिङ्क हाल सिंहदरबारबाट खुमलटारस्थित एफएम ट्रान्समिसन प्रणालीसँग आबद्ध छ ।

रेडियो नेपालले मङ्सिर २०५६ देखि सेटलाईट प्रविधि प्रयोगमा ल्याएको छ । सेटलाईट प्रविधिका विभिन्न उपयोगमध्ये स्टुडियो ट्रान्समिटर लिङ्कका लागि उपयुक्त हुने प्रविधि भी-स्याट (Very Small Aperture Terminals) एक हो जसलाई माइक्रो स्टेसन (Micro Station) भनिन्छ। भी स्याट प्रविधिको प्रयोगपछि अधिराज्यभरि नै र स्याटेलाइटको सङ्केत भएका सार्क मुलुकहरूमा समेत रेडियो नेपालको कार्यक्रम सुन्न सकिने भएको छ । सोही समयमा रेडियो नेपालको प्रविधिमा भएको अर्को विकासमा यसका समाचार बुलेटिनहरू इन्टरनेटमार्फत विश्वभरि सुन्न सकिने भएको छ (कार्की २०५५) ।

रेडियो नेपालले गीत सङ्गीतका रेकर्डहरू र डिस्कहरू सहितको टेप लाइब्रेरी २०२७ सालमा खोलेको थियो । तर सो लाइब्रेरी व्यवस्थित भने थिएन । हाल यो पहिलेभन्दा बढी व्यवस्थित भएपनि क्यासेट रेकर्डहरूको संरक्षण र सम्वर्द्धनका हिसाबले पर्याप्त भने छैन । रेडियो नेपालमा यसका लागि अझै आधुनिक प्रविधिको कमी छ । सन् २००२ सम्मको रेकर्डअनुसार रेडियो नेपालमा ५,५०० लोक गीत, २,००० भजन, ४०० बाल गीत, ८०० राष्ट्रिय गीत र १३०० फिल्मी गीतहरू र उल्लेख्य रूपमा (सङ्ख्या नखुलाइएको) राष्ट्रिय भाषाभाषीका गीतहरू सङ्गृहित छन् (देउजा सन् २००२) । साथै रेडियो नेपालमा विभिन्न व्यक्तिहरूले विभिन्न अवसरमा दिएका सम्बोधन र भाषणहरू पनि सङ्गृहित छन् । त्यसैगरी समाचारमूलक र अन्य कार्यक्रमहरूका केही प्रमुख अंशहरू जस्तैः *घटना र विचार, परिवेश* जस्ता कार्यक्रमको रेकर्डहरू राखिएको कुरा टेप लाइब्रेरी शाखाका प्रमुख धनेन्द्र विमल बताउँछन् ।

रेडियो नेपालको प्रसारण अहिले मिडियम वेभ, शर्ट वेभ र एफएम प्रविधिमार्फत हुने गरेको छ । नेपालको हिमाली क्षेत्रबाहेक सबै ठाउँमा र अन्य मुलुकमा समेत यसको प्रसारण पुगेको नायब कार्यकारी निर्देशक (प्राविधिक) रामशरण कार्कीको दाबी छ । एफएम रिले स्टेसन कञ्चनपुरको झलारी, जुम्ला, जोमसोम, रूपन्देहीको कुञ्जलापुर, महोत्तरीको बर्दीबास, चितवनको भरतपुर, मकवानपुरको हेटौँडा र पर्साको वीरगञ्जमा रहेका छन् । यस्ता रिले स्टेसनका कारण ती जिल्लाका कुना कन्दरा (जहाँ रेडियो नेपालको प्रसारण पुगे पनि स्पष्ट सुन्न सकिन्नथ्यो) मा प्रसारण गुणस्तरमा उल्लेख्य वृद्धि भएको छ । यसरी पाँचजना प्राविधिज्ञले एउटा कोठाबाट थालेको रेडियो नेपालको संरचना प्राविधिक हिसाबले निकै फराकिलो हुँदै गएको छ ।

## अन्तमा

रेडियो प्रसारण स्वतन्त्र तवरले थालनी भए पनि पछिका वर्षहरूमा भने रेडियोले त्यस्तो स्वतन्त्रता पाउन सकेन । पहिलो दशकमा आफै व्यवस्थित हुन र सुधारिन समय लाग्यो भने दोस्रो दशकमा दरबारको निगरानीमा अघि बढ्यो । एउटा निश्चित मन्त्रालय र विभागीय संरचना नभएकाले रेडियो नेपाल पूर्ण विकसित हुन समय लागेको देखिन्छ । मन्त्रालयहरू फेरिँदै जाँदा प्रशासनिक संरचनाको निश्चित मापदण्ड पनि बन्न सकेका थिएन ।

रेडियो नेपाललाई सुधार र सुदृढ गराउन योजना ल्याइए पनि त्यो कार्यान्वयन हुन सकेन । सधैँभरि रेडियो नेपाल सरकारी पक्षको वकालत गर्ने संयन्त्रको रूपमा मात्रै रहिरह्यो । सुरुमा सरकारी खटनमा चल्नुपर्ने भएकाले खर्च चलाउन बाहिर भौतारिनु परेन । खर्च नपुगेमा माग्नेबाहेक थप रचनात्मक कार्यक्रमहरू त्यति बेलाको व्यवस्थापनले दिन सकेन । विज्ञापन सेवालाई अगाडि बढाउन पनि कुनै कार्यक्रम अगाडि ल्याउन सकेन । सीमित स्रोत र साधनका कारण रेडियो नेपाल पछि परेको हो भन्ने कुरामा दुई मत नहुन सक्छ ।

२०५२ सालपछि श्री ५ को सरकारले निजी क्षेत्रलाई पनि रेडियो प्रसारण गर्ने अनुमति प्रदान गरेको छ । निजी क्षेत्रका रेडियो स्टेसनहरू सञ्चालनमा आइसकेपछि रेडियो नेपालले ती निजी रेडियोसँग प्रतिस्पर्धा गर्नुपर्ने भएको छ । प्रतिस्पर्धाले विज्ञापनको बजार बाँडिएको छ भने अर्कातिर राजनीतिक हस्तक्षेप जारी रहेकाले कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् । रेडियो नेपालले यी दुई चुनौतीका बाबजुद आफ्नो उपस्थिति गतिलै देखाउन मिहिनेत गर्नैपर्ने बेला आएको छ । त्यसको लागि व्यवस्थापनले श्रोताहरूको रुचि अनुसारको कार्यक्रम बनाउने र अनावश्यक जनशक्ति हटाउने एउटा उपाय हुन सक्छ ।

# अनुसूची १

**तालिका ३.२ २००७ देखि २०६१ सम्मका रेडियो नेपालका प्रमुखहरू**

| क्र.स. | नाम | पद | बहाल रहेको मिति |
|---|---|---|---|
| १. | तारिणीप्रसाद कोइराला | स्टेसन डाइरेक्टर | २० चैत्र २००७-पुस २००८ |
| २. | रश्मि राज्यलक्ष्मी | का.मु. ” | मिति स्पष्ट नभएको |
| ३. | भवानी भिक्षू | का.मु. ” | मिति स्पष्ट नभएको |
| ४. | देवेन्द्रराज उपाध्याय | निर्देशक | २००९-२०१६ |
| ५. | सुरेन्द्रराज शर्मा | निर्देशक | २०१६-२०१७ |
| ६. | प्रकाशमान सिंह प्रधान | निर्देशक | २०१७-२०२४ |
| ७. | भोग्यप्रसाद शाह | निर्देशक | २०२५-२०२८ |
| ८. | रामराज पौडयाल | निर्देशक | २०२८-२०३१ |
| ९. | कृष्णबहादुर खत्री | निर्देशक | २०३१-२०३४ |
| १०. | भोग्यप्रसाद शाह | निर्देशक | २०३४-२०४४ |
| ११. | प्रचण्डमान सिंह प्रधान | निर्देशक | २०४४-२०४६ |
| १२. | जैनेन्द्र जीवन | निर्देशक | २०४७-२०४८ |
| १३. | घनानाथ ओझा | निर्देशक | २०४८-२०४९ |
| १४. | शैलेन्द्रराज शर्मा | का.मु.निर्देशक | २०५०-२०५४ |
| १५. | मुकुन्दप्रसाद आचार्य | का.मु.निर्देशक | २०५४-२०५६ |
| १६. | शैलेन्द्रराज शर्मा | का.मु.निर्देशक | २०५७-२०६१ (कार्यरत) |

स्रोतः अभिलेख शाखा, रेडियो नेपाल, भदौ २०६१ ।

# अनुसूची २

**तालिका ३.३: २००८ सालमा रेडियो नेपालमा कार्यरत कर्मचारीको विवरण**

१. तारिणीप्रसाद कोइराला (डाइरेक्टर)
२. रश्मि राज्यलक्ष्मी देवी (असिस्टेन्ट डाइरेक्टर)

प्रोग्रामतर्फ

३. जनार्दन सम
४. श्यामदास वैष्णव

समाचारतर्फ

५. मधुसुदन देवकोटा (अंग्रेजी)
६. प्रकाशमान सिंह (नेपाली)
७. हरि श्रेष्ठ (नेवारी)
८. गजाधरभक्त माथेमा (नेवारी)
९. मुरारिकृष्ण शर्मा (नेपाली)
१०. राजेन्द्रकुमार गुप्ता (हिन्दी)

कलाकार (आधुनिक)

११. गोविन्दलाल (प्रवन्धक)
१२. रत्नदास प्रकाश
१३. रामलाल जोशी
१४. भैरवबहादुर थापा
१५. किशोरीदेवी
१६. ज्ञानबहादुर श्रेष्ठ
१७. कृष्ण लामिछाने
१८. रामकृष्ण खत्री

कलाकार (शास्त्रीय गायन)

१९. रामबहादुर तण्डुकार (प्रवन्धक)
२०. भीमबहादुर श्रेष्ठ

वाद्यवादन

२१. गणेशलाल (वाद्य प्रवन्धक)
२२. कृष्ण नारायण (जल तरङ्ग)
२३. कृष्ण गोपाल (जापानी वाजा)
२४. अनन्तमान (सरोद)
२५. दिगम्वरलाल (सितार)
२६. भाइ दाइ (सरोद)
२७. देवमान डङ्गोल (गितार)
२८. शङ्करदास (भ्वाईलेन)
२९. वद्रीभक्त (सारङ्गी)
३०. राजभक्त (भ्वाईलेन)
३१. गोपाल (भ्वाईलेन)
३२. साहिँला काजी (तवला)
३३. कृष्ण दत्त (तवला)
३४. जलेशानन्द (इसरान)
३५. जितेन्द्र (बाँसुरी)
३६. प्रतिमान परियार (ल्कायर्नेट)
३७. गोफुले परियार (ट्रम्पेट)
३८. रामप्रसाद परियार (सेक्सोफोन)
३९. शिवलाल परियार (बाँसुरी)
४०. हर्षजीत परियार (ट्रम्पेट)
४१. कृष्णबहादुर परियार (ल्कायर्नेट)

मेकानिक

४२. बद्रीप्रसाद ठाकुर
४३. भाजुरत्न बज्राचार्य

४४. प्रेमबहादुर नकर्मी
४५. केदारलाल ठाकुर
४६. नरहरि पाध्याय

उद्घोषक

४७. एलिस राणा
४८. शकुन्तला शर्मा

प्रशासन

४९. भवानीराज मास्के (सेक्रेटरी)
५०. कृष्णदत्त तिमिल्सिना (क्यासियर)
५१. कमलराज श्रेष्ठ (क्लर्क)
५२. राधाकृष्ण अमात्य (स्टोर किपर)
५३. बङ्गाली रञ्जितकार (पियन)
५४. कृष्ण शाक्य (पियन)
५५. रामबहादुर श्रेष्ठ (पियन)
५६. रत्नबहादुर वैद्य (पियन)
५७. पन्ना हलुवाई (पियन)
५८. तीर्थनारायण महर्जन (पियन)

स्रोतः हरि श्रेष्ठको व्यक्तिगत सङ्कलन ।

# अनुसूची ३

## तालिका ३.४: रेडियो नेपाल कर्मचारी विवरण, २०६० साल

| पद | केन्द्रीय प्रसारण केन्द्र (सिंहदरबार) | | | | | | क्षेत्रीय प्रसारण केन्द्र | | | | ट्रान्समिटिङ्ग स्टेसन | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशासन | विज्ञापन | प्राविधिक | कार्यक्रम/ सङ्गीत | समाचार | जम्मा | दिपायल | सुर्खेत | पोखरा | धनकुटा | धरान | बर्दीबास | भैंसेपाटी | खुमलटार | |
| कार्यकारी निर्देशक | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| एघारौं | २ | ० | २ | १ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| दशौं | १ | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| नवौं | ० | १ | ३ | २ | २ | ८ | ० | १ | १ | १ | १ | १ | १ | १ | १५ |
| आठौं | ६ | १ | ६ | ११ | ३ | २७ | ० | ० | ० | ० | १ | ० | ० | १ | २५ |
| सातौं | ८ | ० | ३ | ११ | २ | २४ | १ | १ | १ | ० | १ | १ | १ | ० | ३१ |
| छैटौं | १० | १ | ९ | १८ | १८ | ५६ | २ | ० | १ | २ | ३ | ४ | ४ | ४ | ७६ |
| पाँचौं | २६ | ० | २२ | २८ | १७ | ९३ | ५ | १० | १२ | १५ | ५ | ४ | ५ | ७ | १५७ |
| चतुर्थ | ३१ | ० | १२ | ९ | ० | ५२ | ६ | ७ | १३ | ७ | ९ | ७ | ५ | ८ | ११४ |
| तृतीय | ३ | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| प्रथम | ४७ | ० | ० | ० | ० | ४७ | ५ | ७ | १० | ८ | ५ | ५ | ७ | ५ | १०० |
| ड्राइभर | १७ | ० | ० | ० | ० | १७ | १ | १ | १ | १ | १ | १ | २ | २ | २७ |
| टाइपिष्ट | १० | ० | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० |
| **जम्मा** | **१६२** | **३** | **५७** | **८०** | **४३** | **३४७** | **२०** | **२७** | **३९** | **३४** | **२७** | **२३** | **२५** | **२८** | **५७२** |

स्रोत: अभिलेख शाखा, रेडियो नेपाल (चैत मसान्त २०६०)।

कर्मचारीको दरवन्दी सङ्ख्या: ७५७

बहालवाला कर्मचारीको सङ्ख्या: ७०६

१. स्थायी: ५७२ २. करार: ११२ (समाचार: ५२, अन्य: ६०) ३. ज्यालादारी: २२